

विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

वर्ष-१४ ।। अङ्क : ३०३ ॥ २०७९ पौष १३ गते बुधबार (28th Dec 2022 Wednesday) **Pratidin** National Daily dNo-?:%÷-


# शिक्षाको कार्यक्रमलाई पालिका प्रमुखले महत्व दिएनन्

झापा(प्रस) । शिक्षा क्षेत्रमा देखिएका जिल्लाका यावत समस्याहरुलाई उठान गरी सरोकारवालासमक्ष राख्न मंगलवार बिर्तामोडमा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो तर, कार्यक्रममा जिम्मेवार पालिका प्रमुखहरु नै उपस्थित भएनन् । १५ वटा पालिकामध्ये केही शिक्षा शाखाका प्रमुखहरु मात्र उपस्थित भए । शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल झापा जिल्ला समिति र विराट सामुदायिक अध्ययन केन्द्रले शैक्षिक गुणस्तर अभिबृद्धिमा सरोकारवालाहरुको भूमिका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेका थिए । कार्यक्रममा जिल्लाका १५ वटै पालिकाका प्रमुखहरुलाई निमन्त्रणा गरिएको थियो । तर, गौरीगञ्ज , गौरादह, कमल र शिवसताक्षीका पालिका प्रमुखहरु मात्र सहभागी भए । आफूहरुले जिल्लाका सबै पालिका प्रमुख, शिक्षा शाखा प्रमुख ,शिक्षक महासंघ , शिक्षक संघ संगठन , विद्यालयका प्राचार्य , कलेजका प्राध्यापक , सामुदायिक सिकाइ केन्द्रका अध्यक्ष , विद्यार्थी , संचारकर्मीलगायतका सरोकारवालाहरुलाई कार्यक्रममा बोलाएको आयोजक समितिका उमानाथ ओलीले जानकारी दिए ।

'शिक्षा क्षेत्र उहाँहरुको महत्वको बिषय नभएको जस्तो महसुस भएको छ 'उनले गुनासो गरे,' शैक्षिक गुणस्तर अभिबृद्धिका लागि उहाँहरु उत्साहित देखिनु भएन ।' कार्यक्रममा शिक्षा क्षेत्रमा लामो समय काम गरेका मोहनप्रसाद ओली , युवराज पाण्डे र टंक सेढाईको संयुक्त कार्यपत्र प्रस्तुत गरिएको थियो । कार्यपत्र प्रस्तुत गर्दै मोहनप्रसाद ओलीले झापा जिल्लाको शैक्षिक अबस्था , जिल्लामा शैक्षिक क्षेत्रमा भएका राम्रा अभ्यासहरुबारे जानकारी दिँदै शिक्षा क्षेत्रमा झापा जिल्लामा देखिएका समस्याका बारेमा दर्शाएका थिए । विद्यालयको वर्गीकरण गर्न नसक्नु ,अनिवार्य प्राथमिक शिक्षा कडाइका साथ लागु नहुनु ,संस्थागत तथा सामुदायिक विद्यालयहरुको भौतिक संरचनाको मापदण्ड निर्धारण नगरिनु ,संस्थागत विद्यालयमा प्रयोग गरिएका पाठ्यपुस्तकको बोझ ध्यान आकर्षण नगरिनु ,करारमा नियुक्त गरिने शिक्षकको नियुक्ति प्रक्रियामा पारदर्शिता, सक्षमता, योग्यता र निष्पक्षतामा ध्यान नपुग्नु, विद्यार्थी संख्याका आधारमा पालिकागत दरबन्दी मिलान गर्न नसक्नु ,शिक्षा ऐन निर्माण गर्ने क्रममा पालिका-पालिकाका बीचमा समन्वय नहुनु , सबै प्रधानाध्यापक सबल र सक्षम नहुनु ,भाषाको माध्यमका नाममा सामुदायिक विद्यालयमा दुई प्रकारको प्रणालीमा शिक्षा प्रदान गर्नु ,स्थानीय निकायले शिक्षाका क्षेत्रमा छुट्याएको बजेट न्यून हुनु, राजनैतिक दलका जिम्मेवार पदमा शिक्षक रहनु, सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको दैनिक उपस्थितिको लेखाजोखा नहुनु ,विद्यालय नियमित रुपमा अनुगमन नहुनु , प्रधानाध्यापक तथा शिक्षकलाई पुनर्ताजगी तालिमको कमि हुनु ,बाल विकासको व्यवस्थापनमा स्थानीय तहले ध्यान नदिनु ,शिक्षक नयाँ ज्ञान, सीप र प्रविधिमैत्री बन्न र बनाउन पनि नसक्नु ,अन्य विद्यालयमा भएका राम्रा अभ्यासको अनुकरण नगर्नु ,शिक्षक र विद्यार्थीलाई सम्बन्धित पक्षले अनुशासनको पूर्ण पालना गराउन नसक्नु ,साक्षरताका कार्यक्रमको निरन्तरता (साक्षरोत्तर पछि) का लागि स्थानीय पालिकाले परिचालन गर्न नसक्नु ,सामुदायिक सिकाइ केन्द्रहरुलाई उद्देश्य अनुरुप सम्बन्धित पक्षले परिचालन गर्न नसक्नु ,शिक्षाको गुणस्तरका आधारमा शिक्षक र विद्यालयको मूल्यांकन गर्न नसक्नु ,अभिभावकले आफ्नो बच्चाको बारेमा नियमित जानकारी लिने/दिने संस्कार नहुनुजस्ता समस्या दर्शाइएको हो । त्यस्तै , सबै विद्यालयहरुमा समान रुपमा न्यूनतम् मापदण्ड अनुसारको पूर्वाधारको विकास गर्न,सुविधाविहिन वा वञ्चितीकरणमा परेका समुदायका बालबालिकालाई विद्यालय प्रवेश गराइ टिकाइ राख्न,सिकाइ उपलब्धिमा अपेक्षा गरिएअनुरुप समान रुपमा सुधार गर्न,निशुल्क र अनिवार्यजस्ता संविधानले नै व्यवस्था गरेको कुराहरुलाई कार्यान्वयन गर्न , सामुदायिक र संस्थागत विद्यालयका



बीचमा शैक्षिक उपलब्धिमा रहेको दुरीलाई कम गर्न, शिक्षालाई उत्पादनमूलक, रोजगारी र सीपमूलक बनाउन,माध्यमिक शिक्षालाई क्रमिक रुपमा निःशुल्क बनाउन आवश्यक पर्ने दीगो स्रोतको व्यवस्था गर्न ,प्रारम्भिक बाल विकासको विस्तारलाई प्रभावकारी बनाउन ,सामुदायिक सिकाइ केन्द्रहरुलाई उद्देश्यअनुरुप परिचालन गर्न,परीक्षा र मूल्यांकनलाई समयानुकुल परिमार्जन गर्न ,समाहित शिक्षाअन्तर्गतका बालबालिकालाई अपांगको प्रकृति अनुरुपका सिकाइ सामग्री उपलब्ध गराउन,सबै तहका शिक्षाको गुणस्तर अभिबृद्धिमा समान रुपमा गर्न ,आधारभूत तह र माध्यमिक तहको जिम्मेवारी स्थानीय सरकारलाई दिएपछि सुपरीवेक्षण प्रणाली र शिक्षक पुनर्ताजगी तालिमको व्यवस्था स्थानीयय स्तरबाट हटाइदा यसबाट सुपरीवेक्षण र शिक्षणका प्रविधि र सीप प्राप्तिमा अवरुद्ध बन्न पुग्नुजस्ता चुनौती रहेको प्रस्तुत कार्यपत्रमा उल्लेख छ ।कार्यपत्रमा बालविकास र बालमैत्री शिक्षण अभियान प्रत्येक पालिकाले चलाउनु पर्ने ,निःशुल्क तथा अनिवार्य शिक्षालाई पूर्ण रुपमा कार्यान्वयन गर्न लगानी बृद्धिका साथ कार्य गर्नुपर्ने ,विभेद तथा भयरहित शैक्षिक वातावरण बनाउनु पर्ने ,गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु पर्ने,सूचना सञ्चार र प्रविधि (आइसिटी) का क्षेत्रमा जनशक्तिको विकास गर्नु पर्ने ,प्राविधिक र व्यवसायिक शिक्षाको विकास र विस्तार व्यापक रुपमा गर्नुपर्ने,नियमित अनुगमन, निरीक्षण र नियमनका साथ निष्पक्षताका साथ मूल्यांकन गर्नुपर्ने ,शिक्षक विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्थापन अनिवार्य रुपमा गर्नुपर्ने ,पैरवी, वहस तथा अनुसन्धानका लागि विशेष कार्यक्रमको आयोजना गरी विज्ञबाट प्राप्त पृष्ठपोषणलाई कार्यान्वयन गर्नुपर्ने , शिक्षा क्षेत्रमा देखिएका पालिकागत समस्याहरु समाधानका लागि विज्ञहरुद्वारा सुझाव लिएर कार्यान्वयन गर्नुपर्ने ,निरन्तर विद्यार्थीको मूल्यांकन र कार्यान्वयनको अवस्थामा उद्देश्यअनुरुप सुधार गर्नुपर्ने ,प्रविधिमैत्री सिकाइ वातावरणको तयारी र कार्यान्वयनमा सबै शिक्षकलाई अनिवार्य गर्नु पर्ने ,सामुदायिक सिकाइ केन्द्रको अवस्था विश्लेषण गरी क्षमता विकास र नियमित रुपमा परिचालन गर्ने व्यवस्था मिलाउनु पर्ने ,साक्षरोत्तर पछिका दिनमा सिकाइलाई दीगो बनाउन निरन्तर शिक्षाको अवसरमा बृद्धि गर्नुपर्ने ,शिक्षा योजना निर्माण र कार्यान्वयनमा स्थानीय सरकारको भूमिकालाई जोड दिनुपर्ने, राजनैतिक दलले घोषणापत्रमा उल्लेख गरेअनुरुप शिक्षा विकासका सवल पक्षलाई व्यवहारमा उतार्नुपर्ने,शिक्षाको क्षेत्रमा लगानी बृद्धि गर्न स्थानीय सरकारले पहिलो प्राथमिकतामा राख्नु पर्ने ,स्थानीय पाठ्यक्रमलाई शिक्षाका लक्ष्यसंग समावेश गराई स्थानीय आवश्यकता र व्यवहार परिवर्तनका पक्षलाई समावेश गर्नुपर्ने,शिक्षाका उद्देश्य ,लक्ष्य, नीति र संरचनालाई स्थानीय आवश्यकताअनुरुप बनाउनु पर्ने, स्थानीय स्तरमा शैक्षिक क्षेत्रमा निष्कृय हुन पुगेको सुपरीवेक्षण प्रणालीलाई व्यवस्थित रुपमा परिचालन गर्नुपर्ने,शिक्षकलाई सिकाइ उपलब्धिका लागि मुख्य जिम्मेवारी दिई सिकाइमूलक वातावरण तयार गर्ने जिम्मेवारी व्यवस्थापन समितिलाई र लगानीको वातावरण जुटाउने जिम्मेवारी स्थानीय पालिकाहरुले लिनु पर्ने,संकट तथा महामारीको समयमा पनि सिकाइलाई निरन्तरता दिन अनलाइन (भर्चुयल) र अफलाइन दुवै प्रणालीलाई अपडेट गरी राख्नु पर्नेजस्ता सुझाव दिइएको छ । शिक्षामा मौलिक हक ,शिक्षामा स्थानीय अधिकारहरु , शिक्षाको महत्व र उपादेयता , शिक्षा विकासका लागि विगतमा गरिएका प्रयास , राष्ट्रियस्तरको वर्तमान शैक्षिक अबस्थाका बारेमा प्रकाश पार्दै कार्यक्रममा झापा जिल्लामा शैक्षिक क्षेत्रमा भएका राम्रा अभ्यासहरुका बारेमा जानकारी दिइएको थियो । प्रतिनिधिसभा सदस्य के. आर . खम्बूको प्रमुख आतिथ्य तथा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल झापाका अध्यक्ष अर्जुनकुमार पाठकको अध्यक्षतामा भएको कार्यक्रममा प्रस्तुत कार्यपत्रमाथि डा. राजेन्द्र अधिकारीले टिप्पणी गरेका थिए । त्यस्तै टेकनाथ रेग्मी , होमनाथ भण्डारी ,फणिन्द्र दाहाल , भवानी ओली र इन्द्रसिंह राजवंशीले सहभागीका तर्फबाट सुझाव दिएका थिए । कार्यक्रममा प्रतिनिधिसभा सदस्य खम्बू , जिल्ला समन्वय समितिका उपप्रमुख शान्ता रोक्का, गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष फूलवती राजवंशी ,शिक्षा विकास तथा समन्वय ईकाईका प्रमुख राजकुमार विक , कार्यपत्र निर्माणकर्तामध्येका टंक सेढाईलगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा गौरादह नगरपालिकाका उपप्रमुख जलवर्षा राजवंशी चौधरी , शिवसताक्षी नगरपालिकाका उपप्रमुख नरमाया कार्की ,कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राई , गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशी , शिक्षा शाखा बिर्तामोडका प्रमुख तिलचन भण्डारी , कन्काईका शिक्षा शाखा प्रमुख पिताम्बर गौतम , झापा गाउँपालिकाका जीवनप्रसाद ढकाल , हल्दिवारी गाउँपालिकाकी जनककुमारी राई , मेचीनगरका होमनाथ भण्डारी , गौरीगञ्ज गाउँपालिकाका टंकप्रसाद खरेल, गौरादह नगरपालिकाका टेकनाथ रेग्मीलगायत विभिन्न विद्यालयका प्रधानाध्यापकहरु , सिकाई केन्द्रका अध्यक्षहरु, विद्यार्थी प्रतिनिधिको सहभागिता रहेको थियो । प्रस्तुत कार्यपत्रलाई अझ परिष्कृत गरेर प्रदेश सरकार हुँदै संघीय सरकारसमक्ष पेस गर्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ । विराट सामुदायिक अध्ययन केन्द्रका अध्यक्ष मोहन शिवाकोटीले औचित्यसहित स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन सचिव रुद्र सिटौलाले गरेका थिए ।

## प्रदेश १ कांग्रेस संसदीय दलको नेतामा थापाको सम्भावना

विराटनगर(प्रस) । नेपाली कांग्रेस प्रदेश १ को संसदीय दलका लागि शुक्रबार निर्वाचन हुने भएको छ। दलको नेता छान्ने सहमतिको प्रयास असफल भएपछि निर्वाचन गरेर कांग्रेसले संसदीय दलको नेता चयन गर्ने भएको हो।

नेपाली काँग्रेसमा प्रदेश १ को संसदीय दलको नेता बन्न सांसदहरुबीच दौडधुप सुरु भएको छ ।

दौडमा नेपाली काँग्रेसका केन्द्रीय सदस्य अमृत अर्याल, प्रदेश १ सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्की र काँग्रेस प्रदेश १ का सभापति उद्धव थापा अगाडि देखिएका छन् । प्रदेश १ कांग्रेस संसदीय दलको नेता बन्ने दौडमा सबैभन्दा अघि उद्धव थापा रहेको देखिएको



छ । काँग्रेस प्रदेश १ का सभापति उद्धव थापा मध्यमार्गी सिटौला निकट हुन् भने अन्य समूहसंग पनि बिश्वासमा काम गर्न सक्ने ईमानदार नेताको छवि बनाएका छन् । उनी देउवा समूहले पनि बिश्वास गरेका नेता हुन् । उनले यसअघि कोइराला समूहनिकट रहेर काम गरेका थिए ।

१४औं महाधिवेशनमा सिटौला देउवासँग निकट भएसँगै थापा संस्थापन पक्षबाट प्रदेश १ को सभापतिको उम्मेदवार भएका थिए ।

गुरुराज घिमिरेलाई हराएर उनी सभापति भएका हुन् । संसदीय दलको नेता बन्ने दौडमा रहेका अर्का नेता केदार कार्की भने काँग्रेस नेता शेखर कोइरालानिकट मानिन्छन् । कोइराला समूहबाट संसदीय दलको आकांक्षा राखेका राजीव कोइराला र गुरुराज घिमिरे निर्वाचनमा पराजित भएपछि कार्की उम्मेदवारका रुपमा देखिए पनि थापाको नाम सर्वसम्मत बने अमृत अर्याल र कार्कीले समर्थन गर्ने संभावना देखिएको प्रदेश १ का एक सांसदले बताए ।

बिहीबार नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने तयारी गरेको समितिले शुक्रबार बिहान ९ बजेदेखि १० बजेसम्म मतदानको समय निर्धारण गरेको छ। प्रदेश १ को सभामा नेपाली कांग्रेसका २९ सांसद रहेकोमा १६ बढी प्रदेश सांसदहरुको समर्थन थापालाई रहेको बताईएको छ ।

विराटनगरमा सोमबार अपराह्न बसेको कांग्रेस प्रदेश १ को कार्यसमिति बैठकमा सहमति जुट्न नसकेपछि निर्वाचन हुने भएको हो। संसदीय दलको बैठक पुष १५ गते बस्ने र सोही बैठकले दलको नेता टुंगो लगाउने छ। दलको नेताको चयन भएपछि उपनेता, प्रमुख सचेतकको चयन हुने छ।

## बिर्तामोड नगर अस्पताल नयाँ भवनमा संचालन हुने



बिर्तामोड(प्रस) । बिर्तामोड नगर अस्पताल नयाँ भवनमा सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । अस्पतालको निर्माणाधिन

❖ बाँकी अन्तिम पृष्ठमा


**पब्लिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**बिर्तामोड- ५ , झापा**

**साधारणसभा सम्बन्धी सूचना**

यस संस्थाको १० औं वार्षिक साधारणसभा २०७९ पौष १८ गते सोमबार प्रतिनिधिमूलक रुपमा गर्ने निर्णय भएकाले यसअघि नै पत्रसाथ प्रतिवेदन संलग्न गरी पठाएका छौं । कारणबस प्रतिवेदन प्राप्त नभए यसै सूचनालाई आधार मानी तपशिल बमोजिमका एकाई साधारणसभामा उपस्थित हुन अनुरोध गर्दछौं ।

**तपशिल**

पौष १४ गते : बिर्तामोड लगायत अन्य पालिका सदस्यहरु
पौष १५ गते : अर्जुनधारा र बुद्धशान्तिका सदस्यहरु
समय : विहान ११ बजेदेखि
स्थान : संस्थाको कार्यालय परिसर तलको हल

# पत्रकार अनमोल दुर्घटनामा घाइते

बिर्तामोड(प्रस) । रेडियो विराटकी प्रवन्ध निर्देशक लीला अनमोल दुर्घटनामा परी घाइते भएकी छन् ।
मंगलवार बिहान ११.४५ बजे बिर्तामोडको सिटी सेन्टरअगाडिको पूर्वपश्चिम राजमार्गमा बिर्तामोड ५ निवासी अनमोल चढेको प्रदेश १-०१-०१५प ९१४० नं.को स्कुटीलाई दुईवटा सवारीसाधनले ठक्कर दिएका थिए । एकै दिशा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेका युपी ३७ टी७८१३ नं को भारतीय ट्रक र ना ५ ख ८११९ नं को यात्रुबाहक बसले स्कुटीलाई ठक्कर दिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख, इन्स्पेक्टर अशोक



जवेगुले बताए ।
ट्रकले ठक्कर दिएपछि स्कुटी बससंग ठोक्किएको जनाइएको छ । घाइतेको बीएण्डसी हस्पिटलमा उपचार भइरहेको छ । दुर्घटनापछि ट्रक , बस र मोटरसाइकललाई नियन्त्रणमा लिइएको जवेगुले जानकारी दिए ।

## बिर्तामोड...

भवन यही पुष २० गतेसम्ममा सम्पन्न गर्नेगरी काम भईरहेकाले माघ १ गतेदेखि नयाँ भवनमा १५ वेड क्षमताको अस्पताल सञ्चालनको काम अघि बढिरहेको नगरपालिकाका प्रुमख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपानेले जानकारी दिए।

अस्पताल नयाँ भवनमा सरेसंगै सेवा पनि थप हुनेछन् । यहाँबाट स्वास्थ्य बीमा, दैनिक ओपीडी, उच्चस्तरीय प्रविधियुक्त ल्याव, एक्स-रे, भिडियो एक्स-रे सेवा, डायलोसिस सेवा, २४ सै घण्टा बर्थिङ्ग सेवा र इमर्जेन्सी सेवा सञ्चालन गर्नेगरी काम अघि बढिरहेको प्रुमख प्रशासकीय अधिकृत न्यौपानेले बताए । उनले डायलोसिस सेवाका लागि रोटरी क्लबको सहयोगमा ६ थान मेशिन समेत प्राप्त भएको जानकारी दिए ।

नगरपालिकाले कानूनी संरचना तयार पारेर नगर अस्पताल व्यवस्थापन समिति समेत गठन गरिसकेको छ । नगरले यस अस्पतालमा आवश्यक जनशक्तिका लागि केहि दिनअघि विज्ञापन खुलाएको छ । विज्ञापनमा विशेषज्ञ चिकित्सक नवौं तह १ जना, मेडिकल अधिकृत आठौं तह २ जना, ल्याव टेक्नोलोजिष्ट सातौं तह १ जना र रेडियोग्राफर पाचौं तह १ जना माग गरिएको छ ।
अस्पतालका लागि आवश्यक उपकरणहरु स्रोतले भ्याएसम्म नगरपालिका आफैं र सहयोगी हातहरुबाट व्यवस्थापन गरिँदै आएको प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले बताए । उनले यस अस्पताल पूर्णरुपमा सञ्चालनमा आएपछि निजी अस्पताल धाउने दरमा ५० प्रतिशतले कमी आउने बताए ।

सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनका लागि नियमित अनुगमन र जनताको सन्तुष्टीका विषयहरुलाई मापन गरेर यसैको आधारमा अस्पतालको सेवा सुविधालाई वृद्धि गर्दै लैजाने बिर्तामोड नगरपालिकाले जनाएको छ ।
नगर अस्पतालको निर्माणाधिन भवनको नगरप्रमुख पवित्रा महतारा प्रसाईले गत हप्ता अनुगमन गरेर आवश्यक निर्देशन दिएकी थिइन् । भवन निर्माणका लागि धुलिखेल निर्माण सेवा प्रा.लिले ५ करोड, ५० लाख ७ हजार ७६० रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो ।

# गुरुङको सांसद पद निलम्बन



झापा(प्रस) । भ्रष्टाचार अभियोगमा विशेष अदालतमा मुद्दा खेपिरहेका कांग्रेस नेता तथा पूर्वमन्त्री टेकबहादुर गुरुङको सांसद पद निलम्बन भएको छ ।
संघीय संसद् सचिवालयले मंगलबार सूचना जारी गर्दै अदालतमा विचाराधिन अवस्थामा रहेको मुद्दा किनारा नलागुञ्जेलसम्म संवैधानिक व्यवस्थाअनुसार गुरुङको सांसद पद स्वतः निलम्बनमा परेको जनाएको हो ।
'प्रतिनिधिसभाका सदस्य टेकबहादुर गुरुङउपरको मुद्दा विशेष अदालतमा विचाराधीन अवस्थामा रहेकोमा उक्त मुद्दा अन्तिम किनारा नभएसम्म स्वतः निलम्बनमा रहने कानुनी व्यवस्था कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा लेखी पठाउने' भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७९/९/८ मा निर्णय भएको व्यहोरा उल्लेख गरी आयोगको प.सं. ०७९/०८०, च.नं.२७८२७, मिति २०७९/०९/०८ को पत्र यस सचिवालयमा प्राप्त हुन आएकोले,' संघीय संसद्का महासचिव भरतराज गौतमले निकालेको सूचनामा छ,'प्रतिनिधिसभाका माननीय सदस्य श्री टेकबहादुर गुरुङ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ बमोजिम २०७९/०९/०८ देखि स्वतः निलम्बन हुनु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।'
कानुनअनुसार गुरुङ स्वतः निलम्बनमा परेका व्यक्ति भए पनि त्यसविपरीत बिहीबार सांसद पदको शपथमा सहभागी भएका थिए । गुरुङमाथि भ्रष्टाचार अभियोगमा मुद्दा चलिरहेकोले उनको सांसद पद निलम्बनमा राख्न यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संसद् सचिवालयलाई पत्राचार गरेको थियो ।
तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा श्रम तथा रोजगार राज्यमन्त्री भएका उनले काठमाडौं फनपार्कको जग्गा भाडामा लगाउँदा भ्रष्टाचार गरेको अभियोग छ । अख्तियारले उनीसहित १६ जनाविरुद्ध माघ २०७५ मा विशेष अदालतमा दायर गरेको मुद्दा विचाराधीन छ । गुरुङलाई मात्रै ३१ करोडको बिगो तोकिएको छ । सरकारी सम्पत्ति हिनामिना गरेको अभियोग लागेका उनी पनि संसद् सदस्यमा चुनिएका हुन् ।

# मकैको खोस्टाबाट फूल बनाएर महिलाहरु व्यवसायिक बन्दै



बिर्तामोड(प्रस) । मकैको खोस्टाबाट फूल बनाउने १५ दिने व्यवसायिक तालिम बिर्तामोडमा मंगलवारदेखि शुरु भएको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको आयोजना तथा चेम्बर अफ कमर्स झापाको सह-आयोजनामा सो तालिम शुरु भएको हो । तालिममा ३५ जना महिलाहरुको सहभागिता रहेको छ ।

सरकारले प्लाष्टिकका फूलमा प्रतिवन्ध लगाएपछि त्यसको विकल्पमा मकैको खोस्टाको फूलको माग अत्यधिक बढेको तालिमकी प्रशिक्षक तारा थापाले बताइन् ।
दुई वर्षअघि दमकमा मकैको खोस्टाको फूल बनाउने तालिम दिइएको थियो । तालिम लिएका केही महिलाहरुले त्यसलाई व्यवसायको रुपमा संचालन गर्दै आएको सहआयोजक चेम्बर अफ कमर्सका अध्यक्ष ओमकृष्ण विमलीले बताए । उनले हरेक विवाह , जन्मदिन, पार्टीलगायतका कार्यक्रमसंगै घरमा सजावटका लागि फूलको महत्व बढ्दै गएकाले व्यवसायको रुपमा गर्न सकिने संभावना देखेर सो तालिम आयोजना गरिएको जानकारी दिए । तालिममा सह प्रशिक्षकको रुपमा रानु शाहा रहेकी छन् । एक साता फूल र अर्को साता फूल राख्ने ढाकी बनाउने तालिम प्रदान गरिने भएको छ । ढाकी बाँसको चोयाबाट निर्माण गरिने छ ।

चेम्बर अफ कमर्सका अध्यक्ष ओमकृष्ण विमलीको अध्यक्षतामा भएको कार्यक्रममा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका महानिर्देशक शरदविक्रम राणाले तालिमको उद्घाटन गरेका थिए । कार्यक्रममा चेम्बर अफ कमर्सका संस्थापक अध्यक्ष सन्तोष अग्रवाल , नेपाल उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल विमली, मेची चेम्बर अफ कमर्सकी अध्यक्ष रुकमणि आचार्यलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

चेम्बर अफ कमर्सका उपाध्यक्ष याम विमलीले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन महासचिव प्रदीप खरेलले गरेका थिए ।

# स्मिरनफ भोड्काको उत्पादन अब नेपालमै

झापा(प्रस) । विश्वप्रसिद्ध 'स्मिरनफ भोड्का' नेपालमै उत्पादन हुने भएको छ।
विश्वकै नम्बर १ भोड्का 'स्मिरनफ' हालसालै एक कार्यक्रममाझ नेपालको अग्रणी पेय उत्पादक नेपाल लिकर्स प्रालिद्वारा सार्वजनिक गरिएको छ । कम्पनीका अध्यक्ष राजेशवीर सिंह तुलाधरका अनुसार तीनपटक डिस्टिल र दशपटक फिल्टर गरिएको सो भोड्का नेपालमै उत्पादन सुरु भएर बजारीकरण हुँदै गरेको छ। विराटनगर स्थित कारखानामा स्मिरनफको उत्पादन सुरु हुँदै गरेको छ। स्मिरनफ नेपालका लागि ब्रान्ड एम्ब्यासडरको




भूमिकामा सुरजसिंह ठकुरी रहेका छन् । नेपाल लिकर्सले आफ्नो स्वामित्वमा विभिन्न पेयहरू नेपाली बजारमा उपलब्ध गराउँदै आएको छ । ती एन्टिक्यटी ब्ल्यूव्हिस्की, सिग्नेचर प्रिमियर रेयर व्हिस्की, मिस्टर डोवेल नम्बर १ लक्जरी व्हिस्की, ब्ल्यूरिब्यान्ड जिनलगायत हुन् । योपटक भने संसारकै नम्बर एक भोड्का स्मिरनफको उत्पादन र वितरण प्रारम्भ गरेको हो । विश्वका करिब १३० भन्दा बढी राष्ट्रहरूमा बिक्री हुने स्मिरनफ भोड्का नेपालमा ७५०, ३७५, र १८० मिलिलिटरमा उपलब्ध छ । जसको मूल्य २२ सय, ११ सय र ५५० रुपैयाँ मूल्यमा उपलब्ध छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

## बिमा लेख हरायो

उर्लाबारी-७ निवासी सुकमाया दर्जीको एल.आई.सी कम्पनीको ६००००१३५८ नम्बरको पोलिसी पेपर उर्लाबारीबाट दमक आउने क्रममा २०७९/०४/०२ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गर्नुहोला

**सम्पर्क**
**नाम : सुकमाया दर्जी**
**ठेगाना : उर्लाबारी-७, मोरङ**
**मो: ९८२६३७६५७२**

## बिमा लेख हरायो

उर्लाबारी-७ निवासी ममता पाँचकोटीको एल.आई.सी कम्पनीको २०००२१२६८ नम्बरको पोलिसी पेपर उर्लाबारीबाट दमक आउने क्रममा २०७९/०१/१५ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क**
**नाम : ममता पाँचकोटी**
**ठेगाना : उर्लाबारी-७, मोरङ**
**मो: ९८१४३५२८८७**

## बिमा लेख हरायो

उर्लाबारी-७ निवासी उमेश दर्जीको एल.आई.सी कम्पनीको ६०००११४७२ नम्बरको पोलिसी पेपर उर्लाबारीबाट दमक आउने क्रममा २०७९/०२/०३ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गर्नुहोला

**सम्पर्क**
**नाम : उमेश दर्जी**
**ठेगाना : उर्लाबारी-७, मोरङ**
**मो: ९८२६३७६५७२**

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
### १ नं. प्रदेशको
## १५ दिने सूचना

सधियार पूर्वः श्री इन्दिरा आचार्यको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री निरमाया कटुवालले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-१ | १ | ९५२५ | ११०.०५ | २०७९/०२/२० | २०७९/०२/२० | २०७९/०४/१२ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
### १ नं. प्रदेशको
## १५ दिने सूचना

सधियार पश्चिमः श्री भावना सिंह देवान को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री दुर्गा माया गुरुङले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-४ | १७९ ०१२ ०-०१ | ५७ | १२२.७५ | २०७९/०७/२१ | २०७९/०७/२१ | २०७९/०९/११ |

# प्रदेश १ प्रदेशसभाको प्रथम अधिवेशन पुस १७ गते

झापा(प्रस) । प्रदेश नं १ मन्त्रिपरिषद्को बैठकले प्रदेशसभाको प्रथम अधिवेशन यही पुस १७ गतेका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।
मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले नेपालको संविधानको धारा, १८३ को उपधारा (१) बमोजिम प्रदेशसभाको प्रथम अधिवेशन यही २०७९ साल पुस १७ गते आइतबार अपराह्न १ बजेका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं यातायात व्यवस्था तथा सञ्चारमन्त्री उपेन्द्रप्रसाद घिमिरेले जानकारी दिए । प्रदेशप्रमुखले प्रदेशसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले २० दिनभित्र प्रदेशसभाको अधिवेशन आह्वान गर्नेछ भन्ने संवैधानिक व्यवस्थाबमोजिम प्रदेश सरकार मन्त्रिपरिषद् बैठकले आह्वानका लागि प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

## भूमिसुधार तथा मालपोत कार्यालय
### भद्रपुर ,झापा
## ३५ दिने सूचना

जिल्ला झापा बिर्तामोड-८ बस्ने रामनाथ पराजुलीको नाति, गिरिन्द्र पराजुलीको छोरा , सुन्दर पराजुलीले मेरो नाममा दर्ता कायम रहेको जिल्ला झापा गरामनी-४ को कि.नं.८४३ ज.वि. ०-११-० जग्गाको श्रेस्ता तथा पुर्जामा ज.ध.को नाम सुन्दर पराजुली र बुबाको नाम गिरिन्द्र पराजुली हुनुपर्नेमा ज. ध. नन्दकुमार पराजुली र बाबुको नाम गिरिन्द्रबहादुर पराजुली भई फरक परेको हुँदा ज.ध. तथा ज.ध. को बुबाको नाम संशोधनसहित हालसाविक समेत गरी सुन्दर पराजुली कायम गरिपाऊँ भनी भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर, झापामा द.नं. १२६७३ मिति २०७९/०९/०४ को निवेदन दर्ता गराएको हुँदा उल्लेखित जग्गाहरुको श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाण पुर्जामा भएको जग्गाधनीको नाम नन्दकुमार पराजुली र ज.ध. को बुबाको नाम गिरिन्द्रबहादुर पराजुलीलाई संशोधन गरी ज.ध. सुन्दर पराजुली र ज.ध. को बुबाको नाम गिरिन्द्र पराजुली कायम गरिदिँदा कोही कसैको हक भोग र स्वामित्वमा असर पर्छ पर्दैन ? यो सूचना प्रकाशित भएको ३५ दिनभित्र आ-आफ्ना प्रमाणसहित भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर, झापामा उपस्थित भई उजुरी निवेदन गर्नु होला । म्यादभित्र कुनै निवेदन तथा उजुरी नपरे कानून बमोजिम निवेदकको नाम संशोधन भई सुन्दर पराजुली नाममा हालसाविक समेत भई कायम हुने व्यहोरा समेत यसै सूचनाबाट सरोकारवाला सबैमा जानकारी गराइन्छ ।

ईति सम्वत २०७९ साल पौष ११ गते रोज २ शुभम ।

चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बचन

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### हौसिनु हुँदैन

नेपाली केन्द्रमा नयाँ गठबन्धनको सरकार निर्माण भएको छ । केन्द्र सरकारको निर्माणपछि लगत्तै प्रदेश सरकार निर्माणको प्रक्रिया जारी हुने भएकाले नयाँ गठबन्धन यस विषयमा निकै चनाखो बनेर अघि बढ्नुपर्ने बेला आइसकेको छ । सरकार आफैंमा अचम्मको विषय हो, यही सरकारकै कारण एमाले–माओवादी फुटेका थिए, अहिले आएर यही सरकारकै लागि एमाले–माओवादी जुटेका छन् । यीसँग अरू पनि मिसिएका छन् । त्यसैले पनि गठबन्धनको चरित्र र त्यसमा समेटिएका विविधताका बारेमा समयमै चनाखो रहनुपर्छ । प्रदेश सरकार गठनमा केही प्रादेशिक विशिष्टताले भूमिका निर्वाह गरिरहेका हुन्छन्, संघीय सरकार निर्माणजस्तो त्यति सहज हुँदैन । केन्द्रमा बसेर ‘यो प्रदेश’ र ‘त्यो प्रदेश’भने पनि प्रदेशमा पुग्दा भने यी आफैं प्रादेशिक केन्द्र बनिरहेको र चलिरहेको देखिन्छन् । केन्द्रीय सोच र दबाब केवल हस्तक्षेप हुन पुग्छन् । नयाँ सत्ताधारी गठबन्धन निर्माण भइसकेकाले अब प्रदेश पनि नयाँ संघीय गठबन्धनसँगै निर्माण हुने देखिएको छ । मूलतः एमाले–माओवादीको प्रदेश सरकार निर्माण हुने देखिएको छ । जबर्जस्त प्रतिपक्षमा धकेलिएको नेपाली कांग्रेस र उसको बाँकी रहेको गठबन्धनको कुनै पनि प्रदेशमा सरकार बन्ने देखिँदैन ।

तर, यसको अर्थ यो लाग्दैन कि एमाले र माओवादीले जे चाहन्छन् र भन्छन् त्यही हुन्छ । यसो पनि हुन नसक्ने देखिन्छ । अहिलेको जनादेश नेपाली कांग्रेस र एमालेका लागि आएको हो । तर, माओवादीले प्राप्त गरेको जनादेश निर्णायक हुन जाँदा गठबन्धनले ‘यू टर्न’ लिन पुगेको हो । प्रदेशमा पनि एमाले–माओवादी गठजोड बन्दै गर्दा त्यहाँको प्रादेशिक विशिष्टतामा अन्य स–साना दल निर्णायक हुन सक्छन् । माओवादी केन्द्रले संघीय सरकार निर्माण गर्दा स्वाभाविक रूपमा खेलेको खेल र दाबी प्रदेश सरकार निर्माणमा अन्य दलले गर्न सक्छन्, यस विषयमा कांग्रेसलाई अर्ती मात्र होइन, आफूहरूले बोध तथा कार्यान्वय नगर्न पनि एमाले–माओवादी सिपालु बन्नुपर्छ । सातवटै प्रदेशमा बन्ने सरकारबाट नेपाली कांग्रेस बढारिने सम्भावना भएकाले उसले मौका कुरेर बस्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन । प्रदेश गडबडीले फेरि संघीय गडबडी मच्चाउन सक्ने कुरालाई हेक्का राख्नुपर्छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# शासन प्रणालीमा मूलप्रवाहीकरण



• डा.लोकनाथ भुषाल

शासन प्रणाली र योगको बारेमा कमै बहस हुने गरेको छ। नेपाल अथाह सम्भावना भएको पवित्र पावनभूमि हो। पूर्वीय दर्शनको ओतप्रोत रहेको यसको संस्कृति विश्वको सर्वश्रेष्ठ संस्कृति हो। हामी वैदिक संस्कृतिका अनुयायी हौँ। यस भूमिमा जन्मन पाउनु नै अहोभाग्य हो। यसै भूमिबाट हामीले मानवको वास्तविक मुक्तिको बिगुल फुक्ने र आफू पनि मुक्त बन्ने हो। यसका लागि देशको शासन प्रणाली पनि सहायक बन्नु पर्छ। वैदिक संस्कृतिमा आधारित शासनले मात्र मानवको समग्र विकासलाई मार्गदर्शन गर्न सक्ने देखिन्छ। विश्वभर नै वैदिक संस्कृतिप्रति आकर्षण बढ्नु यसैको प्रमाण हो। अहिले सबैतिर देश बिग्रिएको र यसको प्रधान कारण कुशासनलाई औंल्याउने गरिएको छ । कुशासन राजनीति, प्रशासन, समाज, बजार, नागरिक समाजलगायतका सबै क्षेत्रमा रहेको दृष्टान्त आमसञ्चारका माध्यमहरूबाट दैनिक रूपमा पाउन सकिन्छ। शासनका पात्ररूपी मानिस इमान, जमान र आत्मिक सत्यबाट टाढिएका छन्। आत्माको शान्ति र सत्यलाई बाहिरी चेतनाले ढाकेको छ । समग्रमा शासन आत्मा हराएर बेहोसी भएको देखिन्छ। शासनका पात्रहरूको विवेक, सदाचार र नैतिकताको स्तरले समग्र शासन प्रणालीको सफलता र गुणस्तर निर्धारण गर्छ। शासकीय सफलता मापनको आधार देशको विकास र देशवासीको जीवनयापनमा सुधार नै हो, जसले गर्दा देशभर सुख, शान्ति, समानता, सन्तुष्टि र समृद्धि फैलियोस्। साथै सबै नेपालीको यस लोकमा र परलोकमा पनि जीवन सफल बनोस्। यसका लागि भगवान् गौतम बुद्ध र माता सीताको जन्मभूमि रहेको नेपालमा पूर्वीय वैदिक दर्शनका महान् तपस्वी र ऋषिमुनिहरूले प्रदान गरेका सद्ज्ञान र सत्कर्मका मार्गलाई नै शासनका सबै पक्षमा मूलप्रवाहीकरण गरिनु पर्ने देखिन्छ। यही ज्ञानलाई नयाँ भाष्य दिनु जरुरी छ। यसै सन्दर्भमा यस आलेखमा पूर्वीय वैदिक दर्शनका २०औँ शताब्दीका महान् ऋषि, कवि, क्रान्तिकारी, दार्शनिक तथा योगी श्री अरबिन्दले प्रतिपादन गर्नुभएको समग्र वा पूर्ण योग र यसलाई नेपालको शासन प्रणालीका सबै क्षेत्रमा कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकताको बारेमा चर्चा गरिएको छ।

भारतको कलकत्तामा सन् १८७२ मा जन्मिनु भएका महर्षि श्री अरबिन्दले उपनिवेशकालीन बेलायतमा अध्ययन गरेको भए पनि देशप्रेमले ओतप्रोत भएर बेलायती उपनिवेशको अन्त्यको लागि स्वतन्त्रता संग्राममा सहभागी हुनु भएको थियो। उहाँको राजनीतिक चेतनामा क्रमशः आध्यात्मिक चेतनासमेत घोलिएपछि उपनिवेशका कारण भारतीय जाति ओरालो लागेको यात्रा देख्नु भयो। सनातन धर्मको क्रमिक विनाशले भारतीय संस्कृति पतनोन्मुख बनाएको देखेपछि उहाँलाई झनै भारतीय र पूर्वीय संस्कृतिको उत्खनन गर्न उत्प्रेरित गर्‍यो। सोही क्रममा उहाँले बन्दे मातरम् जस्ता पत्रिकामार्फत उपनिवेशको अन्त्यको शङ्खघोष गर्नुभयो। उहाँको बेजोड लेखाइबाट त्रसित बेलायती शासकले उहाँलाई जेल पनि हाले। जेल उहाँका लागि तपोस्थल बन्यो, कठोर योग साधनाको सिद्धि प्राप्त भयो। जेलमा नै भगवान् श्रीकृष्णको दर्शन मिल्यो। भगवान्को मार्गदर्शनअनुसार दक्षिण भारतको हालको पुडुचेरीमा आश्रम स्थापना गरी उहाँ भारतलाई विश्वगुरु बनाउँदै निम्न चेतनाबाट ग्रसित मानव कसरी अतिमानस चेतनाको अवस्थामा पुग्न सक्छ भन्ने विषयको खोजमा लाग्नु भयो। यस्तो अवस्थालाई कतिपय अन्य आध्यात्मिक गुरुले आत्मानुभूतिको रूपमा व्याख्या गरेका छन्। यस क्रममा उहाँले पूर्वीय वैदिक दर्शनको पुनःव्याख्या गर्दै आध्यात्मिक उन्नतिको नयाँ मार्गदर्शन प्रदान गर्नुभयो। यसलाई समग्र वा पूर्ण योगको रूपमा प्रस्तुत गरिएको छ। यस योगको अभ्यास र सिद्धिमा व्यक्ति, समाज, देश र समग्र विश्वलाई लाभ हुने र व्यक्ति स्वयं नै ब्रह्मस्थ अवस्थामा पुगेर मानव जीवनलाई नै सार्थक बनाउने क्षमता रहेको छ। शासकीय पात्रहरूले यो योगको अभ्यास गरेमा नेपाल सुन्दर, शान्त, समृद्ध, सदाचारी र दिगो विकासमा अग्रणी स्थान रहेको देश बन्न सक्छ।

सामान्यतया योगको अर्थ निम्नलाई उच्चसँग जोडनु हो। यसमा आत्मालाई परमात्मासँग जोड्ने सबै कार्य र प्रक्रिया समाविष्ट हुन्छन्। सृष्टिको आदिम कालदेखि नै मानव भगवान् वा परमात्माको खोजीमा रहेको पुष्टि हाम्रा वेद, उपनिषद, गीतालगायतका महान् धार्मिक तथा आध्यात्मिक ग्रन्थबाट स्पष्ट हुन्छ। भगवान् खोज्नेले सर्वप्रथम भगवान्को बारेमा जान्नु पर्ने र त्यसपछि भगवान्का गुणहरू आफूमा उतार्नु पर्ने हुन्छ। हुन त मानवमा भगवान्को अंश रहेको र उक्त अंश क्रमिक विकासद्वारा बढ्दै स्वतः प्रकट हुने बताइएको छ। यसरी आफैँ प्रकट हुन जुनीजुनी लाग्ने र मानवका कैयौँ जुनीहरू निम्न चेतना र बेहोसीमा बित्ने हुन्छ। यसले भौतिक संसारमा दुःख बढाउँछ। यसको अन्त्यका लागि गरिने सचेत प्रयास नै योग हो। उच्च चेतना र स्वर्गीय आनन्दको यात्रालाई छोटो बनाउने उपाय नै योग हो। पूर्वीय दर्शनमा योगका जन्मदाता महर्षि पतञ्जलि हुन भने भगवान् शिवलाई आदियोगी मानिएको छ। समयक्रममा पतञ्जलिप्रदत्त योगलाई विभिन्न महर्षि, योगी र गुरुहरूले नयाँ नयाँ तवरले व्याख्या, विश्लेषण र अभ्यास गरेका छन्। ज्ञान, भक्ति र कर्म गरी योगलाई सामान्यतया तीन प्रकारले हेर्ने र अभ्यास गर्ने गरिएको छ।

महर्षि श्री अरबिन्दले ज्ञान, भक्ति र कर्ममा विभक्त रहेको योगलाई एकै ठाँउमा समन्वय गरी समग्र, एकीकृत वा पूर्ण योग पद्धतिको निर्माण गर्नुभएको छ। उहाँले यसको अभ्यासद्वारा मानवमा अतिमानस वा दैवी गुणको अवतरण गराउन सक्ने गरी योगलाई नयाँ दिशा प्रदान गर्नु भएको छ। यसका लागि मानवले आजीवन भगवान्मा पूर्ण विश्वास राखेर यसको प्राप्तिको तीव्र अभीप्सा राख्नु पर्ने, आफूलाई पूर्ण रूपले भगवान्मा समर्पण गर्नुपर्ने र आध्यात्मिक विकासका अवरोधलाई अस्वीकृत गर्नुपर्ने पूर्वसर्त तोकिएको छ। यसो गरेमा मानवमा रहेको दैवी अंश तीव्र गतिले प्रकट हुँदै जाने र आत्मिक चेतनाले अपूर्ण र बेहोसी मूल प्रकृतिमा रहने मस्तिष्क, मन र शारीरिक चेतनालाई रूपान्तरण गरिदिने विषय नै समग्र योगको केन्द्रीय सार हो। पूर्वीय वैदिक दर्शनमा आधारित महर्षि श्री अरबिन्दद्वारा प्रतिपादित समग्र वा पूर्ण योगका आधारभूत तत्वहरू सच्चाइ वा पारदर्शिता, आस्था वा विश्वास, समर्पण र अभीप्सा हुन्।

**नेपालको शासन प्रणाली**

नेपाललगायतका देशमा बाल्यकालदखि नै यस्तो आत्मिक चेतनाको विकास नभएका मानिस शासनका विभिन्न तहमा पुगेकाले देशको शासन प्रणालीमा कुशासनले जरा गाडेको अवस्था छ। सत्य भन्दा पनि जालझेलले शासनलाई गालेको छ। आत्मिक विकासका लागि आवश्यक पर्ने संरचना र प्रणालीलाई शासनमा आत्मसात् नगरिएको देखिन्छ। व्यक्तिगत र सार्वजनिक जीवनलाई समग्र योगले निर्दिष्ट गरेको ज्ञान, भक्ति र कर्मको सङ्गम बनाउन सकिएको छैन। सबै क्षेत्रको नेतृत्वमा पूर्वीय वैदिक संकृतिको क्षयीकरण भइरहेको देखिन्छ। सर्वत्र सच्चाइ, आस्था र समर्पण भावको कमी हुँदै गएको बेहोसी समाज, संस्कार र संस्कृतिको निर्माण भइरहेको अवस्था छ। सदाचार, सत्य र नैतिकताको नाश हुँदै गएको छ।

शासनले मानवीय मूल्य-मान्यतालाई चुनौती प्रदान गरेको छ। नियम, कानुनको पालना नभएको पाइन्छ। स्वार्थ सिद्धिका लागि सत्यलाई तोडमरोड गर्ने गरिन्छ। असत्यको विजय भएको पनि देखिन्छ। सबै प्रकारका भ्रष्टाचारको सर्वत्र दुर्गन्ध छ। शासन प्रणालीमा सुधारका लागि कानुनी, संस्थागत र अन्य जतिसुकै बाहिरी प्रयास गरिए पनि जबसम्म शासकीय पात्रहरूमा लुकेर रहेको परमात्माको अंशलाई उसको शरीर, मन र दिमागमा उतार्न सकिँदैन तबसम्म शासन प्रणालीको सुधार अपूरो र अधुरो नै रहन्छ। असत्यलाई धारण गरेको चलाखी दिमागले अहिले देशको शासन प्रणालीमा हालीमुहाली गरेको छ। मान्छेको मन र मस्तिष्कमा हरि हराएको देखिन्छ। यसले एकातिर शासकीय पात्रहरूलाई पापजन्य कार्यमा होमेको छ भने अर्कोतिर बेहोसीमा रहेका शासकीय पात्रहरूलाई श्री अरबिन्दद्वारा प्रतिपादित समग्र योगमार्फत होसमा नल्याएसम्म शासकीय सुधारका प्रयासले नतिजा नदिने स्पष्ट छ। दिमागका चलाखले गरेको अहिलेको शासनले मात्र मुलुकमा शान्ति र समृद्धि ल्याउन नसकिने स्पष्ट छ। यसले गर्दा शासनमा यावत् बाहिरी सुधारका बाबजुद पनि विकृति बढेका छन्। शासनमा सुशासन ल्याउन वैदिक दर्शनमा आधारित समग्र योगलाई देशको शिक्षालगायतका शासन प्रणालीका सबै पक्षमा मूलप्रवाहीकरण गर्नु जरुरी देखिन्छ।

# विद्युतीय मतदानको बहस



• रमेश भट्टराई

चुनावका मुखमा विद्युतीय मतदान (ई-भोटिङ)को चर्चा हुन्छ तर चुनावी परिणामपश्चात् चटक्कै बिर्सिइन्छ । वास्तवमा यो त नेतृत्व चयन गर्ने संवेदनशील पक्षकै पारदर्शिता र बहुल जनसहभागिताको विषय हो। हालै सम्पन्न आमनिर्वाचन परिणामले विविध कारणले मताधिकारबाट वञ्चित रहेका लाखौँ मतदाताका मनोविज्ञानलाई सम्बोधन गर्न सक्दैन। चाहेजस्तो परिणाम र खोजेजस्तो नेतृत्व नपाउँदा नपाउँदै पनि स्वीकार गर्न विवश जनताका गुनासालाई सम्बोधन गर्न आजैदेखि निर्वाचन प्रणालीमा प्रविधिमैत्री प्रयोगको पूर्वतयारी थालिनुपर्छ। यसर्थ ई-भोटिङको चर्चालाई मताधिकारको सुनिश्चितता, परिणामको विश्वसनीयता र जनचाहनाको बहुपक्षीय सम्बोधनका लागि आधुनिक विकल्प हो भनेर बुझ्नु आवश्यक छ । विज्ञान प्रविधिजन्य नवीन विश्वव्यापीकृत विकाससँगै समय, श्रम र सम्पत्तिको बचत हुनु आवश्यक छ । मतपत्र छपाइ, मतदाता शिक्षा, जनशक्तिको खपत र मतगणनामा खर्चिने घोषित तथा दलहरूले खर्चने अघोषित खर्च बचाउने विषयमा आजैबाट नीतिगत तयारी गरिनुपर्छ। निर्वाचनका नाउँमा देशभित्र त अर्बौं रकम खर्चिएकै हुन्छ। जेजति आचारसंहिताका सिद्धान्त बोलिए पनि यस पटक लुकिछिपी पैसा छरिएकै देखियो। स्थानीय तहको निर्वाचनमा मात्रै करिब साढे ५४ अर्ब रुपियाँ बाहिरिएको देखिन्छ। यसरी निर्वाचनका समयमा अर्बौ रकम बाहिरिएको गम्भीर विषयबाट पनि पाठ सिक्नैपर्छ । तथापि विद्युतीय मतदान भएमा धाँधली कम हुने, गल्ती भएमा सच्याउन सहज हुने, दीर्घकालीन मितव्ययिता कायम राख्ने तथा मतपत्र र मतपेटिका कब्जा गर्ने भयलाई न्यून गर्न सकिने देखिन्छ। यसविपरीत विद्युतीय मतदानलाई सुरक्षित र भरपर्दो बनाउन नसक्दा विदेशी प्रभाव र पहुँच रहन सक्ने भय पनि रहन्छ नै। तथापि हालको कागजी मतदान प्रक्रियाभन्दा आर्थिक, प्राविधिक, व्यवस्थापकीय, सरोकारवालाका पक्ष तथा नीतिगत र कानुनी विषयमा यो बढी व्यावहारिक अनि आवश्यक रहने विषयमा निर्वाचन आयोग र अब बन्ने सरकार गम्भीर हुनैपर्छ।

हालसम्म सम्पन्न चुनावमा विद्युतीय मतदानको अवसर नहुँदा सम्बन्धित क्षेत्रमा जान नसक्ने लाखौँ जनताले प्रजातान्त्रिक मताधिकार सुरक्षाको अनुभूतिबाट वञ्चित रहनुपरेको छ। नेपालभित्रै रहँदा पनि कार्यव्यस्तता वा अन्य कुनै परिस्थितिका कारण आफ्नो मतदाता नामावली भएको मतदान केन्द्रसम्म पुग्न नसक्ने हजारौँको मताधिकार कुण्ठित भइरहेको देखिन्छ। अर्कोतिर विदेशमा रहेका नेपालीको मताधिकार पनि संविधानका पानामा सीमाङ्कित बन्न पुगेको छ। उनीहरू त केवल देश सञ्चालनार्थ विप्रेषणको रकम प्रदान गर्ने दुहुनो गाई भएका छन्। करिब चार वर्षअघि नै सर्वोच्च अदालतले विदेशमा रहेका नेपालीका लागि पनि मताधिकार दिनुपर्ने निर्देशन दिएको थियो तर कागजी मतदानका कारण हालको निर्वाचनमा पनि भयरहित, अपाङ्गमैत्री, ज्येष्ठ नागरिकमैत्री परिवेशले प्रभावकारिता पाउन सकेन । सरकारद्वारा मतदाता शिक्षामा मात्रै चार करोडदेखि डेढ अर्ब रुपियाँसम्मको खर्चको तथ्य सार्वजनिक भएको देखियो। गत स्थानीय तह निर्वाचनमा मतदाता शिक्षाका लागि मात्र दस करोड रुपियाँ खर्चिंदा एक करोड ७७ लाख ३३ हजार ७२३ मतदातामध्ये एक करोड २५ लाख ८४ हजार मत मात्रै खसेको देखिन्छ। यसमध्ये तीन लाख दुई हजार मत बदर हुन पुग्यो। यसमध्ये पनि ५१ लाख ४९ हजारभन्दा बढी मतदाताले मतदान नै गरेनन् भन्ने कुरा पुष्टि हुन्छ। यसमा ‘नो भोट’ अर्थात् ‘म भोट दिन्नँ’ भन्ने व्यवस्था पनि त जोडिएको होइन। बाध्यतावश मतदान दिन नसक्नेहरूको यो ठूलो संख्याले सरकार समीकरणमा उतारचढाव ल्याउनु स्वाभाविकै हो।

**विद्युतीय मतदानको अभ्यास**

नीति अनुसन्धान प्रतिष्ठानमार्फत मधुप्रसाद रेग्मी तथा देशबन्धु अधिकारीद्वारा ‘नेपालमा विद्युतीय मतदान प्रणालीको प्रयोग’ शीर्षकको अध्ययन प्रतिवेदनलाई २०७७ सालमा पेस गरिएको देखिन्छ। नेपालमा २०६४ चैत २८ गते काठमाडौँ क्षेत्र १ मा पहिलो पटक विद्युतीय मतदानको साङ्केतिक अभ्यास गरेको इतिहास छ। त्यसै दिन नतिजा आएको अनुभवीको राय छ । त्यस्तै २०७० सालमा सम्पन्न दोस्रो संविधान सभा निर्वाचनदेखि फोटोसहितको मतदाता नामावली र परिचयपत्र प्रयोगमा आइसकेको छ। तत्पश्चात् नेपालमा एक दर्जन निर्वाचन क्षेत्रमा हालसम्म विद्युतीय मतदान भइसकेको भए पनि हामी अझै कागजी पद्धतिको प्राचीन प्रणालीमै रमाइरहनुको भाष्य फरक देखिन्छ । विश्वको विद्युतीय मतदानको इतिहासलाई हेर्दा सन् १९६० को पञ्चकार्ड काउन्टिङ मेसिनको विकास भयो। सन् १९६५ तिर मतपत्रमा मत सङ्केत गर्ने र यसलाई अप्टिकल स्क्यान मेसिनबाट स्क्यान गरी गणना गर्न सक्ने प्रणालीको विकास हुन पुग्यो। सन् १९७४ मा आइपुग्दा एउटै मेसिनबाट मतदान, मतको अभिलेख एवं नतिजा प्रशोधन र सार्वजनिकीकरण गर्न सकिने प्रणाली हुँदै हाल आएर इन्टरनेटको माध्यमबाट अझै अत्याधुनिक प्रविधिले फड्को मारिसकेको छ। सन् १८९२ मा अमेरिकाले मेकानिकल लिभर भोटिङ मेसिन प्रयोग गरेपश्चात् सन् १९९० को दशकसम्म पनि यसको प्रयोग हुन पुग्यो। हाल भारत, ब्राजिल, भुटान, अस्ट्रेलिया, बेल्जियम, इटाली, अर्जेन्टिनालगायतका मुलुकमा पूर्ण वा आंशिक तवरको विद्युतीय मतदान भएको देखिन्छ।

**विद्युतीय मतदान नै किन ?**

विद्युतीय निर्वाचन प्रणालीले मानवीय कमीकमजोरीलाई न्यूनीकरण गर्छ। कागजी मतपत्र छपाइ र भण्डारण बढी झन्झटिलो र खर्चिलो हुन्छ। यो प्रक्रियामा सुरक्षा चुनौती बढी देखिन्छ। नेपालले विद्युतीय मतदानको उपयोग गर्न सके राजनीतिक, आर्थिक, प्रशासनिक तथा प्राविधिक पारदर्शितामा कायम रहन्छ। धाँधली हुने, झडप हुने, घाइते बन्नुपर्ने, सुरक्षाकर्मीले चुनौतीसँग खेल्नुपर्ने, यतिका सङ्ख्यामा म्यादी राख्नुपर्ने, मतदानका लागि घण्टौँसम्म हिँड्नुपर्ने, अझ विद्यालयको पढाइ बन्द गरेर यति धेरै मतदान केन्द्र र कर्मचारी खटाउनुपर्ने, रातारात नसुती नसुती मतगणना गर्नुपर्नेलगायतका तमाम कुरामा पनि सहजता हुने देखिन्छ। फलतः सदर र बदर मतको विवाद अन्त्य हुन्छ । हालसम्म सञ्चालित चुनावी अभ्यासमा हिंसात्मक घटना दोहोरिरहेकै छन्। जनताले जिताउन चाहेभन्दा फरक मान्छे माथि पुगिरहेको स्थिति छ। यदि विद्युतीय मतदान प्रणाली विकास भएमा बुथ साटिने तथा पक्षपाती प्रक्रियाको अपारदर्शितामा पनि तात्त्विक सुधार हुन सक्छ। फरक क्षमता भएका व्यक्तिका लागि सहज हुने, मतपत्र र मतपेटिका कब्जा गर्ने, शक्ति दुरुपयोग गर्ने दबदबाको अन्त्य हुन्छ। शिक्षित, अशिक्षित सबैले सहजै मतदान गर्न सक्छन्। मतगणनामा पनि छिटो, सजिलो र पारदर्शिता कायम रहन्छ। मतदानका लागि स्ट्याम्प, मतपत्रको कागज, स्वस्तिक छापलगायतका सामान किन्नुपर्ने मोटो रकम तथा मतदान प्रक्रियाको सहजताले निर्वाचनको ठूलो खर्च बचत हुन्छ। सवारी आवागमनका लागि लाखौँ मतदाताले महँगो गाडी भाडा तिर्नुपर्ने झन्झट घट्छ। चाहे पार्टीले भाडा पिटेर लगे पनि पुनः फिर्ता नल्याएका गुनासा पनि सुन्नुपर्ने बाध्यताको अन्त्य हुँदा पैसाले भोट किन्ने भ्रष्ट प्रवृत्तिमा न्यूनीकरण हुने देखिन्छ।

**समस्यारहित हो त !**

हामीले प्रयोग गर्ने मतदान मेसिनसँग सम्बन्धित प्राविधिक नियन्त्रणमा हाम्रो मुलुक स्वयं सक्षम हुनुपर्छ। यसो नभएमा हाम्रो महत्वपूर्ण राष्ट्रिय सूचना, गोप्य जानकारी र तथ्याङ्कमा बाह्य मुलुक वा कुनै सुराकी निकायको हस्तक्षेप हुन सक्छ। तथ्याङ्क चोरी हुने र परिणाममा नै असर पु-याउने चलखेलको भय रहन्छ। यसबाट मुलुकको सार्वभौमसत्ता र सुरक्षामाथि जोखिम आइपर्न सक्छ। मतदान मेसिनमा सीमित संख्याका उम्मेदवार र पदका लागि मात्रै मतदान गर्न सकिने व्यवस्था जडान हुने प्रक्रियालाई सुधार गर्न उक्त प्रविधिविज्ञबाट समाधान खोज्नुपर्ने हुन्छ। यो प्रविधिमैत्री निर्वाचनको व्यावहारिक उपयोगिताका लागि मतदाता शिक्षाका कार्यक्रम र अभ्यासलाई अझै व्यापकता दिइनुपर्छ तर तुलनात्मक रूपमा हाललाई ठूलो धनराशि र जनशक्तिको आवश्यकता परे पनि आधुनिक अनलाइन प्रणालीसँग यसको सम्बन्ध गाँसिदा सम्बन्धित निकायले आफ्नै स्थानबाटै देशभरिको स्थितिलाई अवलोकन गर्न पाउँछन्। सञ्चार माध्यमले यसमा सहायता पुर्‍याउन सक्छन्। तथापि पर्याप्त संरक्षणबिनाका हार्डवेयर, सफ्टवेयर र नेटवर्कको प्रयोग गरिएमा मतदानमा धाँधली र छलछामका घटना नहोलान् भन्न सकिन्न। यसमा अब्बल प्रविधिविज्ञ नभएमा निर्वाचनको निष्पक्षता, स्वतन्त्रता र विश्वसनीयतामा खलल पुग्ने भय चाहिँ रहिरहन्छ। मेसिनमा राखिएको विद्युतीय चिह्नमा मतदान गरेपश्चात् स्वतः प्रिन्ट भई प्राप्त कागजलाई बाकसमा पनि खसाल्ने पद्धतिले बढी विश्वसनीयता कायम गर्न सक्छ। यसबाट मेसिनको कामलाई विश्वसनीयता प्रदान गर्न सम्बन्धित विज्ञद्वारा प्रक्रियाबद्ध तवरमा प्रमाणीकरण गर्ने तथा सर्वदलीय विश्वसनीयता कायम रहने गरी सहमति चाहिन्छ। बीचमा ह्याक हुन सक्नेलगायतका चुनौतीका बारेमा पनि पूर्वसचेतना अपनाइनु अत्यावश्यक देखिन्छ। मतदान मेसिनले गर्ने मत भण्डारण, मतपरिणामको प्रशोधन र परिणाम प्रकाशनसम्बन्धी कार्यका बारेमा आमजनताले बुझ्ने गरी पारदर्शिता कायम गरिनुपर्छ। यसमा प्रयोग हुने सफ्टवेयर कोड तथा सार्वजनिक गर्नुपर्ने प्राविधिक पक्षलाई संशयरहित तुल्याउनु अनिवार्य हुन्छ। त्यस्तै मतदान मेसिनको लागत, सञ्चालन एवं मर्मत-सम्भार तथा आवश्यक पर्ने विशेषज्ञ खर्चलगायत अन्य उपकरणको खर्च, भण्डारण सम्बन्धमा स्पष्टता र पारदर्शिता चाहिन्छ। यस प्रक्रियामा बढी पारदर्शिता, सहभागितामूलक र विश्वसनीयता तथा सहजता कायम रहन्छ। नेपालको परिवेशमा चाहिँ परिस्थिति र परिवेश हेरी ग्रामीण क्षेत्रमा चाहिँ दुवै विधि अवलम्बन गर्न पनि सकिन्छ। वस्तुतः सम्भावित दीर्घकालीन जोखिममा निर्वाचन आयोग र निर्वाचन गराउने सरकार नै जिम्मेवार बन्नुपर्ने हुन्छ। महँगो खर्च गरेर प्राप्त गरिने फितलो परिणामको सिकार भएका आमजनताले फजुल खर्चको भारीलाई बोक्नुपरिरहेको विज्ञको राय छ। त्यसैले अबको सरकारले आगामी निर्वाचनका लागि अहिले नै विद्युतीय मतदान मेसिन खरिद गरी निर्वाचन आयोगद्वारा प्रमाणीकरण गर्ने, अभ्यास गर्ने, अनुसन्धान गर्ने र व्यावहारिक परीक्षणपश्चात् प्रयोगमा ल्याउनेबारेमा ध्यान दिइनुपर्छ। यसबाट हाम्रो देशले पारदर्शिताका पक्षमा विशेष अभ्यास गर्नुपर्ने प्राविधिक आधारलाई अपनाउन नचाहेको देखिन्छ। हार्डवेयर, सफ्टवेयर र डिजिटल सिग्नेचरको प्रमाणीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिका विज्ञद्वारा निर्वाचन आयोगमार्फत प्राविधिक सुझावसहितको जानकारी गराउने र सरकारले यसमा प्राथमिकता दिनुपर्ने केही प्रक्रिया रहेमा विद्युतीय मतदानले देशको ठूलो आर्थिक समस्यामा समेत सुधार ल्याउने देखिन्छ।

# १३१ महिला तथा बालिकाको उद्धार



झापा(प्रस)। एक वर्षको अवधिमा विराटनगरको रानी नाकाबाट १ सय ३१ महिला तथा बालिकालाई उद्धार गरिएको गैरसरकारी संस्था माइती नेपालले जनाएको छ। भारततर्फ बेचबिखनका लागि लग्दै गरेको अवस्थामा उनीहरूको उद्धार गरी अभिभावकलाई जिम्मा लगाएको उक्त संस्थाको दाबी छ। माइती नेपाल मोरङका कार्यक्रम संयोजक विनोद पोखरेलका अनुसार सन् २०२२ देखि हालसम्म उद्धार गरिएकामध्ये १८ देखि ६० वर्ष उमेरसम्मका ८९ जना र १२ देखि १८ वर्षमुनि उमेरका ४२ जना छन्। सबभन्दा बढी मोरङका ३६, सुनसरीका २१, झापाका १५, काठमाडौंका ९, उदयपुरका ७, धनकुटा, इलाम, भोजपुरका ५/५, संखुवासभाका ४, सप्तरी, तेह्रथुम, ताप्लेजुङ, खोटाङ, लमजुङ, सिन्धुलीका २/२ जना भएको उनले जनाएको छ। यस्तै, कैलाली, धनुषा, कपिलवस्तु, काभ्रेपलाञ्चोक, सर्लाही, सिरहा, गोर्खाका १/१ र सीमावर्ती भारतीय गाउँका ३ जनाको उद्धार गरेर अभिभावकको जिम्मा लगाइएको पोखरेलले बताए। मोरङका ३४ जनामध्ये विराटनगर महानगरपालिकाका १४, रंगेली र सुन्दरहरैंचा नगरपालिकाका ४/४, कटहरी गाउँपालिकाका ४, बेलबारी र कानेपोखरीका २/२, उर्लाबारी, धनपालथान र सुनवर्षीका १/१ जना छन्। त्यसैगरी जातीय आधारमा चौधरी र राजवंशी समुदायका ३४, राई, लिम्बू, मगर, तामाङ, लामा ३४, ब्राह्मण/क्षेत्री २५, विक/परियार १८, तराईवासी ८, मुस्लिम ५, नेवार ३, धिमाल, भुजेल, अग्रवाल, माझी समुदायका १/१ जना छन्।


यो वर्ष महिला तथा बालिका हराएको सम्बन्धमा परेको ४७ वटा उजुरीमध्ये ११ जनाको उद्धार गरिएको र अन्यको खोजी कार्य भइरहेको पोखरेलले बताए। बेचबिखनमा परेका एक महिलालाई भारतको दिल्लीबाट उद्धार गरिएको छ। बेचबिखनमा परेका एक बालिकालाई यो वर्ष रानी नाकाबाट उद्धार गरेर मुद्दासमेत दायर गरिएको उनले बताए। सन् २०१० देखि हालसम्ममा रानी नाकाबाट १ हजार १ सय ६९ महिला तथा बालिकाको उद्धार गरेको उक्त संस्थाले तथ्यांक सार्वजनिक गरेको छ।

उक्त अवधिमा उक्त संस्थामा ५ सय ५१ महिला तथा बालिका हराएको उजुरी दर्ता भएकामध्ये ८३ जनालाई खोजी गरी अभिभावकको जिम्मा लगाइएको तथ्यांकमा उल्लेख छ। मोरङको ईलाका प्रशासन कार्यालय उर्लाबारीमा राहदानी बनाउन आएका १ हजार ४ सय ३९ पुरुष र १ हजार ३५ महिलालाई वैदेशिक रोजगारीका बारे सचेतनामूलक शिक्षा दिएको पोखरेलले बताए।

# रेडक्रस भद्रपुरको सभापतिमा गिरी सर्वसम्मत

झापा(प्रस)। नेपाल रेडक्रस सोसाइटी, भद्रपुर उपशाखाको सभापतिमा गोपाल गिरी सर्वसम्मत निर्वाचित भएका छन्।

सोसाइटीको आगामी दुईवर्षे कार्यकालका लागि सभापति गिरीसहित सम्पूर्ण कार्यसमिति सर्वसम्मत निर्वाचित भएको हो। समितिको उपसभापतिमा शर्मिला अधिकारी, सचिवमा केदार महत, कोषाध्यक्षमा रमेश भण्डारी,



उपसचिवमा धनकुमारी खरेल 'लता' र उपकोषाध्यक्षमा मन्जु दाहाल पोखेल निर्विरोध निर्वाचित भएका छन् भने सदस्यहरुमा मुरारी पोखेल, सीता भण्डारी, मित्रप्रसाद अधिकारी र विकास कोइराला तथा महिला सदस्यमा लता कार्की चापागाई पनि निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ। सभापति गिरी यसअघि पनि दुई कार्यकाल भद्रपुर उपशाखाको सभापति भइसकेका थिए।

# पासाङलाई मिस मंगोलको उपाधि

झापा(प्रस)। 'मिस मंगोल नेपाल २०२२' को उपाधि सिन्धुपाल्चोककी पासाङ डोल्मा शेर्पाले जितेकी छ। अघिल्लो संस्करणमा उत्कृष्ट ५ मा परेकी २४ वर्षीया शेर्पाले दोस्रो प्रयासमा मिस ट्यालेन्टसहित शीर्ष उपाधि हात पारेकी हुन्। 'दोस्रो प्रयासमा मेरो सपना र मेहनत साकार भएको छ', ताज पहिरिएपछि पासाङले भनिन्। प्रतियोगितामा कैलालीकी २५ वर्षीया दीपिका थापामगर फस्ट रनरअप घोषित भइन् भने, उनलाई पछ्याउँदै सोलुखुम्बुकी १८ वर्षीया डोल्मा छिरिङ शेर्पा मिस न्यु प्लास्टसहित सेकेन्ड रनरअप जित्न सफल भइन्। उनीहरूलाई गत वर्षका विजेता, फस्ट र सेकेन्ड रनरअप क्रमशः एप्रिला घिसिङ, प्रिया मादेन र विभिषिका श्रेष्ठले




ताज लगाइदिएका थिए। संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठको प्रमुख आतिथ्यमा भएको प्रतियोगितामा पाँचथरकी २१ वर्षीया ममता आङ्बो मिस मंगोल प्रोभिन्स वान, पर्साकी १६ वर्षीया एसेन्ला घले मिस मंगोल मधेस, काठमाडौंकी २३ वर्षीया प्रार्थना शाही मिस मंगोल बागमती, पोखराकी २५ वर्षीया प्रिसिला गुरुङ मिस मंगोल गण्डकी र दाङकी २६ वर्षीया मुना बुढामगर मिस मंगोल लुम्बिनी घोषित भए। मिस मंगोल सुदूरपश्चिमको उपाधि फस्ट रनरअप दीपिका थापामगरले हात पार्न सफल भइन्। रिडी ग्रुप लिमिटेडको शीर्ष प्रायोजनमा भएको प्रतियोगितामा रोजिन शाक्यको कोरियोग्राफी रहेको थियो भने मिस मंगोल नेपाल २०१९ सिभिरा लामा कोचका रूपमा रहेकी थिइन्। प्रतियोगितामा प्राज्ञ प्रदीप बोम्जन, नेपाल एड्मिनिस्ट्रेसन स्टाफ कलेजका डेपुटी डाइरेक्टर शिवहरि अधिकारी, प्याब्सन काठमाडौंका पूर्वअध्यक्ष हरिकृष्ण श्रेष्ठ, रंगकर्मी एवं अभिनेता पुष्कर गुरुङ, पपगायक धिरज राई, मिस मंगोल नेपाल २०१७ अनिता लामा र आदिवासी जनजाति चलचित्र महासंघका उपाध्यक्ष एवं डान्सिङ स्टार नेपालकी विजेता छिरिङ शेर्पा निर्णायक मण्डलमा रहेका थिए। यो मिस मंगोल नेपालको यो १३औं संस्करण हो।

# आरोपित डिएसपी ठगबहादुरलाई एसपी निवासमा सत्कार

झापा(प्रस)। इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डिएसपी ठगबहादुर केसीलाई केन्द्रीय अनुसन्धान व्युरोको टोलीले घुस बार्गेनिङमा पक्राउ गरेपनि जिल्ला प्रहरी कार्यालयले उनलाई हिरासतमा नराखी सत्कार गरेर राखेको छ। डिएसपी केसीले बुटवलका एक व्यापारीसँग ३५ तोला सुन बरामद गरी मुद्दा प्रक्रिया अघि नबढाइ पैसाको बार्गेनिङ गरेको जानकारी पाएपछि अनुसन्धानका लागि सिआईबीको टोली खटिएको थियो। बरामद भएको सुन मुद्दा प्रक्रियामा नलगी घुस बार्गेनिङ गरेर पक्राउ परेका केसीलाई जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रमुख एसपी रविन्द्र रेग्मीले पाहुना कक्षमा सुत्ने र खाने व्यवस्था मिलाएका छन्। डिएसपी केसी मुद्दाका अभियुक्त हुन्। उनलाई हिरासतमा राखेर मुद्दा प्रक्रिया अघि बढाउनुपर्ने हो। तर, रेग्मीले आफ्नै निवासमा पाहुनालाई सत्कार गरेर राखेकोप्रति जिल्ला प्रहरी कार्यालयका प्रहरी आश्चर्यमा छन्। 'यस्तै खालको मुद्दामा तल्लो तहका प्रहरी परेको भए अरु अभियुक्तसगैं साँघुरो र चिसो हिरासत कक्षमा राखिन्थ्यो तर, डिएसपीलाई निवासमा राखेर सत्कार गरिएको छ,' जिल्ला प्रहरी कार्यालयमा रहेका एक प्रहरीले भने। केसीलाई केन्द्रीय अनुसन्धान व्युरोको टोलीले आइतबार साँझ बुटवलस्थित निवासबाट नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको थियो। केन्द्रीय अनुसन्धान व्युरोका प्रवक्ता एसपी कमल थापाले सिआइवीको टोलीले जिल्ला प्रहरी कार्यालयको जिम्मा लगाएको बताए। अब उनी जिल्ला प्रहरीको हिरासतमा रहने र थप अनुसन्धानको काम जिल्ला प्रहरी कार्यालयले अघि बढाउने थापाले बताए। जिल्ला प्रहरी कार्यालय रूपन्देहीका एसपी रेग्मीले डिएसपी केसी हिरासतमा नभई नियन्त्रण र निगरानीमा रहेको जिकिर गरे। डिएसपी केसीले बुटवलका एक व्यापारीसँग ३५ तोला सुन बरामद गरी मुद्दा प्रक्रया अघि नबढाइ पैसाको बार्गेनिङ गरेको जानकारी पाएपछि अनुसन्धानको लागि सिआईबीको टोली खटिएको थियो। उनको निवासबाट ८ लाख ५० हजार रूपैयाँ, ९ लाख ५० हजार रूपैयाँको खिम जिसीको नाममा रहेको चेक र ३५ तोला सुन बरामद भएको छ। 'नगद पाए सुन फिर्ता गर्ने सहमति भएको रहेछ, उनले सुन फिर्ता गर्न नपाउँदै नियन्त्रणमा परे,-अनुसन्धानमा संलग्न एक प्रहरी अधिकारीले भने। उनी केही दिनअघि त्यहाँबाट जिल्ला प्रहरी कार्यालय कास्कीमा सरुवा भएका थिए। उनी सोमबार रमाना लिएर जाँदै थिए। रमाना लिनुअघि नै उनी अनुसन्धान टोलीको नियन्त्रणमा परेका हुन्।

# गैंडे सामुदायिक वनको साधारणसभा सम्पन्न

झापा(प्रस)। झापा र इलाममा अवस्थित गैंडे सामुदायिक वन उपभोक्ता समूहको २६ औं बार्षिक साधारणसभा सम्पन्न भएको छ। जिल्ला वन कार्यालय इलामका सहायक वन अधिकृत राजकुमार खत्रीको प्रमुख आतिथ्यतामा वन समूहका अध्यक्ष नरबहादुर थपलियाको अध्यक्षतामा भएको कार्यक्रममा वन समूहका अध्यक्ष थपलियाले वन समूहका सदस्यहरुका लागि निःशुल्क शव जलाउनका लागि दाउरा प्रदान गर्नेदेखि लिएर




गरिव परिवारका लागि बीमा कार्यक्रम, गम्भीर प्रकृतिका रोगहरुका लागि सहयोग, खोलामा साखु जातको काठ बगाएर ल्याउने कामको नियन्त्रणको लागि विशेष पहललगायतका योजना प्रस्तुत गरे। यसैगरी यस क्षेत्रको पर्यापर्यटनको विकासका लागि कनकाई एडभेन्चर प्रालिलाई १० बर्षका लागि भाडामा दिनेलगायतका प्रस्ताव प्रस्तुत गरे। कार्यक्रममा समूहका कोषाध्यक्ष रविन न्यौपानेले संस्थाको १ करोड ३७लाख ८५ हजार बराबरको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा माई नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष अमृत मोक्तान, शिवसताक्षी नगरपालिका १० का वडा सदस्य दिपक पोखरेल, एमालेका वडा कमिटी अध्यक्ष वेनुप्रसाद संग्रौलालगायतले शुभकामना मन्तव्य राखेका थिए।

# बिर्तामोडमा एनओजी राइड सम्पन्न

बिर्तामोड(प्रस)। टीभीएस मोटर कम्पनीको नेपालको लागि एक मात्र आधिकारिक वितरक जगदम्बा मोटर्सले बिर्तामोडमा एनओजी (एन्टर्क ओनर्स ग्रुप) राइड सम्पन्न गरेको छ।

गएको शनिबार बिर्तामोड शो रुमबाट सतासीधामसम्म आयोजना गरिएको उक्त राइडमा सहभागीहरूबीच विभिन्न गेमहरू




पनि खेलाइएको थियो। सहभागी सम्पूर्ण राइडरहरूलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिनुका साथै आकर्षक उपहारहरू प्रदान गरिएको थियो। करिब ५० राइडरहरू सहभागी उक्त राइड सम्पूर्ण सुरक्षा सावधानीहरूका साथ नेपाल सरकारको अनुमति लिएर सञ्चालन गरिएको आयोजकले जनाएको छ। उक्त राइडमा प्राविधिक टिमले विभिन्न सडक सुरक्षाका बारेमा जानकारी प्रदान गर्नुका साथै राइडरले अपनाउनुपर्ने नियम र सुरक्षाको जानकारी पनि दिएको थियो।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580


सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र, पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आफन्तजनसँग सम्बन्ध कायम हुनेछ। रोकिएका काम पुन: सुरु हुन सक्छ।

**वृष** कला र गलाको प्रभाव बढ्नेछ। भाग्यले विभिन्न अवसर जुराउनेछ।

**मिथुन** यात्रा गर्दा बाटोमा दु:ख हुन सक्छ। काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन्।

**कर्कट** शेयर बजारले पनि साथ दिनेछ। सजिलै अरूको मन जित्न पनि सकिनेछ।

**सिंह** परिवारमा नयाँ सदस्य थपिने छ। समाज र परोपकारमा समय बित्न सक्नेछ।

**कन्या** आज परदेशी घर फर्कने योग छ। घरपरिवारमा रमाइलो वातावरण छाउनेछ

**तुला** झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ। आम्दानीमा पनि कमी आउनेछ।

**वृश्चिक** आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ।

**धनु** धार्मिक कार्यमा संलग्न भइनेछ। रचनात्मक कार्यमा जुट्दा फाइदा हुने

**मकर** आजको समय मध्यम खालको छ। आज ठूलो लगानी गर्नु उपयुक्त छैन।

**कुम्भ** मठमन्दिरको भ्रमणले काम सम्पन्न हुनेछ। परोपकारी कार्यमा संलग्न भइनेछ।

**मिन** दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो। प्राविधिक कार्यमा लगाव बढ्नेछ।